# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल


प.सं. २०७६/०७७
च.नं. ४३६१

मिति : २०७६/११/२२

विषय : जिल्ला समन्वय समितिको मौज्दात कोष स्वीकृत योजना कार्यान्वयन सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
भरतपुर महानगरपालिका ।

जिल्ला समन्वय समिति कार्यालयको च. नं. ४०९ मिति २०७६/११/२० को पत्रानुसार जिल्ला समन्वय समितिबाट मिति २०७६/१०/२८ गते स्वीकृत जिल्ला समन्वय समितिको मौज्दात कोष संचालान निर्देशिका, २०७५ अनुसार भरतपुर महानगरपालिकाभित्र छनौट भएका तपसिल बमोजिमका आयोजनाहरुको विवरण निर्देशिकाको दफा ८ को लागत साझेदारी मापदण्ड अनुसार हुनेगरी यथाशीघ्र कार्यन्वय हुन पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

तपसिल

| सि. नं. | आयोजनाको नाम | विनियोजित रकम (रु. मा ) |
|---|---|---|
| १ | २७ नं वडा कार्यालय भव[न निर्माण | ३०,००,००० |
| २ | २९ नं वडा कार्यालय भवन निर्माण | ५०,००,००० |
| ३ | २५ नं वडा कार्यालय भवन मर्मत तथा कम्पाउण्ड वाल | २०,००,००० |
| ४ | १० नं वडा कार्यालय भवन निर्माण | ४०,००,००० |
| ५ | मंगलपुर स्वास्थ्य चौकि मर्मत, वडा नं. १६ | १०,००,००० |
| ६ | वालकुमारी मा.वि भ.म.न.पा २ पूर्वाधार निर्माण | १०,००,००० |
| ७ | नारायणी नमुना मा.वि भ.म.न.पा १० पूर्वाधार निर्माण | २५,००,०००, |

अधिकृतस्तर सातौं



Scanned by CamScanner

# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भरतपुर, चितवन
## बागमती प्रदेश, नेपाल

प.सं. २०७६/०७७
च.नं. ४३६१

| सि. नं. | आयोजनाको नाम | विनियोजित रकम (रु. मा) |
|---|---|---|
| ८ | उमाबडी आदर्श शेरचन कलेज दिव्यनगर भवन निर्माण, वडा नं. २६ | ३०,००,००० |
| ९ | प्रभात मा.वि भरतपुर २५ पूर्वाधार निर्माण | १०,००,००० |
| १० | शक्ति आधारभुत विद्यालय भरतपुर १४ पूर्वाधार निर्माण | ७,००,००० |
| ११ | ब्रम्हपुर आधारभुत विद्यालय भरतपुर १६ पूर्वाधार निर्माण | ७,००,००० |
| १२ | श्री आधारभुत विद्यालय भरतपुर २८ सिसावास भवन निर्माण | १०,००,००० |
| | जम्मा | २,४९,००,००० |

२०७६/११/२२

...................
(असीम रेग्मी)
योजना अधिकृत

वोधार्थ :

१) श्री शहरी पूर्वाधार विकास महाशाखा, भरतपुर महानगरपालिका ।
२) श्री आर्थिक प्रशासन महाशाखा, भरतपुर महानगरपालिका ।
३) श्री सूचना प्रविधि शाखा, (Website मा अपलोड गर्नुहुन) ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिपद्‌बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

Scanned by CamScanner

(३) समितिले यस निर्देशिका बमोजिम कार्यक्रम स्वीकृत गर्दा गाउँपालिका तथा नगरपालिकाको प्रशासकीय भवन नभएको तथा भाडामा लिई कार्यालय सञ्चालन रहेका गाउँपालिका तथा नगरपालिका र वडा कार्यालय भवन निर्माण गर्ने आयोजनालाई प्राथमिकता दिनु पर्नेछ।

७. <u>कार्यक्रम स्वीकृत गर्ने</u> : (१) दफा ५ बमोजिम परेका प्रस्तावको सम्बन्धमा समितिले दफा ६ बमोजिमको आधारमा मूल्याङ्कन गरी सम्बन्धित गाउँपालिका वा नगरपालिकाले व्यहोर्ने लागत साझेदारीको अङ्क तथा आवश्यकता समेतका आधारमा उपयुक्त कार्यक्रम स्वीकृत गर्नेछ।

(२) समितिले उपदफा (१) बमोजिम योजना स्वीकृत गर्दा सकभर जिल्ला भित्रका सबै स्थानीय तहमा कार्यक्रम पर्ने गरी योजना स्वीकृत गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिका वा नगरपालिका तथा वडाका केन्द्र सम्बन्धमा विवाद रहेको वा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४ बमोजिम केन्द्र हेरफेर सम्बन्धी विषयमा कारवाही प्रारम्भ भई टुङ्गो लाग्न नसकेको अवस्थामा त्यस्तो स्थानको लागि भवन निर्माणको कार्यक्रम स्वीकृत गर्न सकिने छैन।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कार्यक्रमको लागि आवश्यक पर्ने जग्गा खरिदको लागि कोषको रकम खर्च गर्न पाइने छैन।

८. <u>लागत साझेदारी</u> : (१) गाउँपालिका तथा नगरपालिकाले दफा (५) बमोजिम योजना प्रस्ताव गर्दा कम्तीमा देहाय बमोजिमको रकम व्यहोर्ने गरी लागत साझेदारी गर्ने प्रतिबद्धता सहित प्रस्ताव पेश गर्नु पर्नेछः-

(क) भवन निर्माणसँग सम्बन्धित योजनाको लागि लागत अनुमानको कम्तीमा चालीस प्रतिशत रकम,

(ख) स्थानीय पूर्वाधारका अन्य योजनाको लागि लागत अनुमानको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ग) मर्मत सम्भार गर्नुपर्ने योजनाको लागि लागत अनुमानको कम्तीमा पचास प्रतिशत रकम,

Scanned by CamScanner

(२) समितिले उपदफा (१) बमोजिम तोकिएको लागत साझेदारीमा गाउँपालिकाबाट प्रस्ताव भएको योजना भएमा लागत साझेदारीको लागि तोकिएको रकमको दश प्रतिशत कम भएको अवस्थामा पनि योजना स्वीकृत गर्न सक्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खातामा रहेको रकमले नपुग हुने अवस्थामा सम्बन्धित गाउँपालिका वा नगरपालिकाले साझेदारी गर्नु पर्ने रकमको अनुपात बढाउने गरी समितिले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

८. कार्यक्रम कार्यान्वयन गर्ने : (१) दफा ७ बमोजिम समितिबाट कार्यक्रम स्वीकृत भएपछि समितिले सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई कार्यक्रम कार्यान्वयनको कार्यतालिका तयार गर्न लगाई सोको आधारमा सम्झौता गरी रकम उपलब्ध गराउनेछ ।

(२) यस निर्देशिका बमोजिम रकम प्राप्त गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गाउँपालिका तथा नगरपालिकाले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(३) कार्यालयले सम्बन्धित गाउँपालिका वा नगरपालिकाले योजना कार्यान्वयनको लागि कानून बमोजिम सम्झौता सम्पन्न गरीसकेपछि यस निर्देशिका बमोजिम समितिले उपलब्ध गराउनु पर्ने कूल रकमको सत्तरी प्रतिशत रकम र कार्यक्रम सम्पन्न भइसकेपछि बाँकी तीस प्रतिशत रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउनेछ ।

(४) उपदफा (३) बमोजिमको रकम उपदफा (१) बमोजिम पेश गरेको कार्यतालिका अनुसार प्रगति नभएको अवस्थामा कार्यक्रम बापतको बाँकी रकम समितिले उपलब्ध गराउने छैन र सो बाँकी रकम कार्यक्रम कार्यान्वयनको प्रगति राम्रो रहेका गाउँपालिका वा नगरपालिकाको कार्यक्रमको लागि उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम प्राप्त रकम सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी काम प्रगतिको आधारमा भुक्तानीको व्यवस्था मिलाउनु पर्नेछ ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराइएको रकम तोकिएको कार्यक्रम बाहेक अन्य प्रयोजनको लागि खर्च गर्न पाइने छैन ।